का.जि.प्र.का.द.नं. १००/०५९/६०

२० भदौ २०८०,
बुधबार
6 September 2023,
Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

वर्ष २१, अंक २२३ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com

ईपेपर हेर्न

**सुन तस्करी प्रकरण**

## छानबिनमा तानिए भिभिआइपीका पुत्र त्रय

तस्करीमा संलग्न चिनियाँसँग राहुल महराको कनेक्सन देखिएको विवरण प्रहरीले चार्टसहित उल्लेख गरिएको छ । पक्राउ पुर्जी जारी भएका प्रतीक थापा फरार छन् भने दीपेश पुनसँग सीआईबीले बयान लिएको छ ।



राहुल महरा



दिपेश पुन



प्रतिक थापा

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १९ भदौ ।

६० किलो ७१६ ग्राम सुन तस्करी प्रकरणमा संलग्न रहेको आरोपमा केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले पूर्वउपराष्ट्रपति नन्दबहादुर पुन पासाङ पुत्र दीपेश पुनसँग बयान लिएको छ । सीआईबीको अधिकारीहरूले पुनलाई कार्यालयमै बोलाएर बयान लिएका हुन् ।

यसअघि ९ किलो सुन तस्करी प्रकरणमा संलग्न रहेको आरोपमा माओवादी केन्द्रका उपाध्यक्ष एवं पूर्वसभामुख कृष्णबहादुर महराका छोरा राहुल महरा पक्राउ परिसकेका छन् । दुई वटै सुन प्रकरणमा उही व्यक्तिहरु संलग्न रहेको प्रहरीको अनुसन्धानले देखाएको छ ।

दुवै तस्करीमा संलग्न रहेको आरोपमा पक्राउ परेकाहरुसँग नेकपा एमालेका उपाध्यक्ष एवं पूर्वगृहमन्त्री रामबहादुर थापा बादलका छोरा प्रतीक थापाको व्यावसायिक सम्बन्ध रहेको प्रहरीको अनुसन्धानले देखाएको छ । नक्कली भुटानी शरणार्थी प्रकरणमा संलग्न रहेको आरोपमा पक्राउ पुर्जी जारी भएका थापा फरार छन् । अर्थात, यी तीन भिभिआइपीका तीन पुत्र अनुसन्धानमा तानिएका छन् । तीनै जना सुन तस्करी प्रकरणमा संलग्न रहेको प्रहरीको प्रराम्भिक निष्कर्ष छ ।

राजश्व अनुसन्धान विभागले गत साउन ३ मा हङहङबाट ब्रेक सुमा लुकाएर ल्याइएको सुन एयरपोर्ट भन्सारबाट बाहिरिने क्रममा बरामद गरेको थियो । सो प्रकरणमा सुरुमा विभागले नै अनुसन्धान गरेको भएपनि पछि सीआईबीले जिम्मा पाएको थियो । आफूले अनुसन्धानको जिम्मा पाएसँगै सीआईबीले सोधपुछ र अनुसन्धानलाई तीव्रता दिएको छ ।

यो प्रकरणमा २६ जना पक्राउ परिसकेका छन् । राजस्वले सुन तस्करीबारे अनुसन्धान गर्न साउन २१ मा सिआईबीलाई जिम्मेवारी हस्तान्तरण गरेको थियो । हालसम्म पक्राउ पृष्ठ २ मा

### भारतबाट छुटेकाहरुसँग कनेक्सन फेला

६० केजी सुन तस्करी प्रकरण र इलेक्ट्रिक चुरोट भेपमा लुकाएर ल्याएको ९ केजी सुन प्रकरणको सम्बन्ध देखिए पनि प्रहरीले छुट्टाछुट्टै अनुसन्धान गरिरहेको छ ।

तर यी दुवैमा भारतबाट छुटेकाहरुको कनेक्सन फेला परेको छ ।

सीआईबीको अनुसन्धानका आधारमा सरकारी वकिलको कार्यालयले अदालतमा असार २७ गते गरेको अभियोजनमा ९ केजी सुनमा चिनियाँसँग माओवादी नेता कृष्णबहादुर महरा र उनका छोरा राहुल महराको कनेक्सन देखिएको विवरण चार्टसहित उल्लेख गरिएको छ ।

चिनियाँ नागरिक याओ पुचेङ, ली वेन सुङ्ग र जिक्वान लिन भारतमा सन् २०२१ र २०२२ मा बरामद भएको १४७ केजी सुन तस्करीमा पनि पक्राउ परेर छुटेका व्यक्तिहरु हुन् ।

राहुलको कनेक्सन चिनियाँ मुलका बेलि्जयम नागरिक दावा छिरिङसँग पनि देखिएको छ । दावा, राहुल र चिनियाँ नागरिक दाओजिङ वाङसँग कनेक्सन देखिएको सीआईबीका अधिकारीहरू बताउँछन् । पृष्ठ २ मा

## एक साताभित्रै प्रतिवेदन बुझाउने तयारी

सीआईबीले ६० किलो सुन तस्करी प्रकरणको अनुसन्धान प्रतिवेदन एक साताभित्रै बुझाउने तयारी गरेको छ ।संगठित अपराधमा अनुसन्धान गर्ने ६० दिनको समयसीमा रहेकाले भदौ अन्तिम सातासम्ममा कारबाहीको रायसहित सीआईबीले अनुसन्धान प्रतिवेदन सरकारी वकिल कार्यालयलाई बुझाउने तयारी गरेको हो । ७ विदेशीसहित २७ जना पक्राउ गरेको सीआइबीले पूर्वउपराष्ट्रपति नन्दबहादुर पुनका छोरा दीपेशसँग पनि बयान लिएको छ ।

अध्यागमन विभागका महानिर्देशक झलकराम अधिकारीको पनि बयान लिइएको छ ।


अनुसन्धानका क्रममा दावाभन्दा माथिल्लो तहमा पनि चिनियाँ नागरीकनै देखिएका छन् । अनुसन्धानकै लागि सीआईबीको एक टिम अहिले हङकङमा छ । हङकङमा सुन खरिद गरेको स्थान पहिचान भए पनि व्यक्तिबारे जानकारी दिन प्रशासनले सहयोग नगरेको सीआईबी स्रोतले जानकारी दिएको छ ।

हङकङदेखि काठमाडौं र भारतसम्म सुन तस्करी गर्ने चिनियाँ गिरोहनै देखिए पनि पठाउने व्यक्तिको जानकारी दिन हङकङ प्रशासनले सहयोग नगरेको हो । सीआईबी स्रोतका अनुसार एक पटकमा एक अर्बसम्मको कारोबार भएको देखिएको छ । सुनको भुक्तानी क्रिप्टो करेन्सीबाट भएको देखिएकाले त्यसमा पनि विज्ञ टोली राखेर अनुसन्धान भइरहेको छ । सीआईबी प्रमुख किरण वज्राचार्यको नेतृत्वमा दुई डीआईजीसहित ३३ जनाको टिम अनुसन्धानमा खटिएको छ ।




## भ्रष्टाचारमा मुछिँदै जनप्रतिनिधि

### चार वर्षमा ४६९ विरुद्ध मुद्दा




२०८० को भदौ महिना शुरु भएपछि मात्र ६ जना स्थानीय तहका वर्तमान तथा पूर्व जनप्रतिनिधिविरुद्ध अख्तियारले विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरेको छ । उनीहरुविरुद्ध अख्तियारले लगाएको बिगो जोड्दा डेढ करोडभन्दा बढी हुन्छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १९ भदौ ।

बिभिन्न तह र जिम्मेवारीमा रहेका जनप्रतिनिधिहरु मुछिन थालेका छन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको हालै सार्वजनिक विवरण अनुसार अदुअआबाट पछिल्लो चार वर्षमा भ्रष्टाचारको आरोपमा स्थानीय तहका ४६९ जनप्रतिनिधि विरुद्ध विशेष अदालतमा मुद्दा दयार भएको छ ।

आर्थिक वर्ष २०७६/७७ मा ७०, २०७७/७८ मा २२, २०७८/७९ मा १५१ र २०७९/८० मा २२६ जना जनप्रतिनिधि भ्रष्टाचारका अभियुक्त बनेका बनेका छन् ।

स्थानीय तहमा बजेट र विकासका गविधि बढेसँगै जनप्रतिनिधिहरु भ्रष्टाचारमा मुछिने क्रम पनि बढ्दो क्रममा रहेको तथ्याङ्कले देखाउँदछ ।

२०८० को भदौ महिना सुरु भएपछि मात्र ६ जना स्थानीय तहका वर्तमान तथा पूर्व जनप्रतिनिधिविरुद्ध अख्तियारले विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरेको छ । उनीहरुविरुद्ध अख्तियारले लगाएको बिगो जोड्दा डेढ करोडभन्दा बढी हुन्छ ।

दुई दिनअघि दानमा प्राप्त जग्गालाई खरिद गरेको देखाउँदै भुक्तानी दिने सोलुखुम्बु गाउँपालिका-२ का वडाध्यक्ष, प्रशासकीय अधिकृत र लेखापाल भ्रष्टाचारको फन्दामा परे ।

वडाध्यक्ष रमेशकुमार बस्नेत, तत्कालीन प्रशासकीय अधिकृत राजेन्द्र भण्डारी र तत्कालीन लेखापाल जीवन सुवेदीले दानपत्रबाट प्राप्त जग्गा खरिद गरेको देखाउँदै ६ लाख रुपैयाँ भ्रष्टाचार गरेको अभियोगमा आयोगले आइतबार भ्रष्टाचार मुद्दा लगाएको हो ।

खरिद, कृषि कार्यक्रम, स-साना ठेक्का, नदीजन्य पदार्थको उत्खनन, प्रतिवेदन बनाउने, सडक निर्माण जस्ता कार्यक्रममा जनप्रतिनिधिहरुले आर्थिक अनियमितता गरेको अख्तियारले रिपोर्टले देखाउँछ ।

केही सप्तरीको बोदेबर्सान नगरपालिका प्रमुख आतेशकुमार सिंहलाई भ्रष्टाचार मुद्दा लगायो । उनीसँगै त्यही नगरपालिका-४ का तत्कालीन वडाध्यक्ष रामानन्द चौधरी अभियुक्त बने ।

उनीहरुले १४ लाख ७१ हजार ९२१ रुपैयाँ आर्थिक अनियमितता गरेको ठहर गऱ्यो । आयोगले बिगो बराबर जरिवाना रकम दाबी पनि लियो ।

आर्थिक वर्ष २०७७/७८ मा सञ्चालन भएको भनिएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत जगदम्बा कृषक समूहले सम्झौता गरी कार्यदेश लिएको बाखा व्यवसायी पकेट कार्यक्रमको उनीहरुले गलत प्रतिवेदन बुझाएका थिए ।

भदौ १२ गते अख्तियारले नेपालगन्ज उपमहानगरपालिका- १३ का कार्यवाहक वडाध्यक्ष तथा सदस्य दिलावर कवडियाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको थियो । बुटवलस्थित अख्तियारको कार्यालयबाट गएको टोलीले कवडियालाई सेवाग्राहीसँग ९ हजार रुपैयाँ घुस लिइसकेको अवस्थामा पक्राउ गरेको थियो ।

कवडियाले पशु फर्म निर्माण कार्य सम्पन्न भएपछि अनुदान रकम प्राप्त गर्न वडा कार्यालयबाट सिफारिस गरिदिएवापत सेवाग्राहीसँग ९ हजार रुपैयाँ घुस लिएका थिए । उनलाई रंगेहात अख्तियारको टोलीले नियन्त्रणमा लिएको थियो ।

भदौ १२ गते नै अख्तियारले कञ्चनपुरको भीमदत्त नगरपालिकाका तत्कालीन नगरप्रमुख सुरेन्द्रबहादुर विष्टविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको थियो ।

भीमदत्त नगरपालिकाले आर्थिक वर्ष २०७६/७७ मा महाकाली नदीजन्य पदार्थको रोयल्टी शुल्क पठाउने ठेक्का सम्झौतामा १ करोड ३४ लाख ९७ हजार ४५३ रुपैयाँ अनियमितता गरेको ठहर अख्तियारको छ । त्यही आधारमा विष्टसँग १ करोड ३४ लाख ९७ हजार ४५३ रुपैयाँ बिगो दाबी गरिएको छ ।

भीमदत्त नगरपालिकाको उक्त मुद्दामा वडा नं. १७ का तत्कालीन वडाध्यक्ष हिमालबहादुर चन्द पनि तानिएका छन् । उनी तत्कालीन राजस्व छुटका लागि गठित कार्यदलका सदस्य थिए । उनी पनि आर्थिक अनियमतितामा संलग्न रहेको ठहर गर्दै अख्तियारले मुद्दा दायर गरेको हो ।

यही भदौ १ गते बिजयनगर गाउँपालिका-४ का वडाध्यक्ष तिलकराम कँडेलविरुद्ध पनि अख्तियारले भ्रष्टाचार मुद्दा दायर गरेको पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## मलेसियामा कामदारको अधिकार तथा बासस्थानमा सुधार नभएको ठहर

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ भदौ

मलेसियामा आप्रवासी कामदारको अधिकार तथा बासस्थानमा सुधार नभएको देखिएको छ । मलेसियाले आप्रवासी कामदारको बासस्थानको विषयलाई उच्च प्राथमिकता दिएको बताए पनि उनीहरुको अवस्थामा लापरबाही भएको देखिएको छ ।

आप्रवासी कामदार बस्ने होस्टेलहरुको अनुगमन गरेका मलेसियाका पूर्वश्रममन्त्री एम कुलासेगरनसहितको अनुगमनकर्ताहरुले धेरै आप्रवासी कामदारका लागि मलेसिया जीवित नरकघर बनेको टिप्पणी गरेका छन् ।

विदेशी कामदारहरुका लागि बासस्थानसहित सहज जीवनयापन सुनिश्चित गर्न कानून पारित भएको चार वर्षपछि सेपाङ, सेलान्गोरमा रहेको एउटा कामदारको होस्टेल निरीक्षण गर्दा आप्रवासी कामदारहरु कमजोर मानवीय अवस्थामा बाँचिरहेको भेटिएको हो । त्यहाँ खिया लागेको पाइपबाट आउने पानी खानु परेको र ३० जनाभन्दा बढीले एउटै शौचालय प्रयोग गर्न बाध्य भएको पाइएको छ ।

नेपाली र बंगलादेशी कामदार हरुलाई राखिएको होस्टेलका केही युनिटहरुमा बिजुली नभएको र धेरै एकाइहरु माटोको जालोले टाँसिएका र खिया लागेको पाइपहरुबाट पानी चुहिएको देखिएको निवर्तमान मानव संशोधन मन्त्री एम कुलासेगरनले बताए । उनले भने, पृष्ठ २ मा

### क्यानडा पठाउने नक्कली विज्ञापनको भर पर्दा ३४ लाख डुब्यो

काठमाडौं/रासस- वैदेशिक रोजगारीका लागि क्यानडा जान पाइने लोभमा नक्कली विज्ञापनको भर पर्दा नेपालीहरु ठगीमा परेका छन् । उनीहरुले ३४ लाख रुपैयाँ ठगिएपछि मात्रै आफू ठगीमा परेको सुइँको पाएका थिए । त्यसपछि उनीहरु प्रहरीको सम्पर्कमा आइपुगेका काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीले बताए ।

रेग्मीका अनुसार इन्स्टाग्राममा आकर्षक तलब सुविधामा वैदेशिक रोजगारका लागि क्यानडा जान वर्कपर्मिट भिसा पाइने भनी नक्कली विज्ञापनमा फस्दा पीडितहरु ठूलो रकम गुमाउन पुगेका हुन् । पृष्ठ २ मा

## दलको बैंक खातामा सांसदको नजर

राजनीतिक दलहरु नै मुहान भएकाले मुहान सफा नगरी मुलुक सफा हुन नसक्ने भन्दै सांसदहरुले राजनीतिक दलहरुको बैंक खाता हेर्न पाउनुपर्ने बताएका हुन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १९ भदौ ।

सांसदहरुले सुशासन र पादर्शिताको अध्यास राजनीतिक दलहरुबाट सुरुवात हुनुपर्ने औंल्याएका छन् । राजनीतिक दलहरु नै मुहान भएकाले मुहान सफा नगरी मुलुक सफा हुन नसक्ने भन्दै सांसदहरुले राजनीतिक दलहरुको बैंक खाता हेर्न पाउनुपर्ने बताएका हुन् ।

नेकपा एमालेका सचिव योगेश भट्टराई कम्तिमा राष्ट्रिय मान्यताप्राप्त पार्टीका बैंक खाता सार्वजनिक लेखा समितिले पनि हेर्न पाउनुपर्ने बताउँछन् ।

साथै उनले एनजीओ र आईएनजीओहरुले नेपालमा गर्ने खर्च पारदशी बनाउन त्यसलाई बजेटरी सिस्टममा ल्याउनुपर्ने समेत बताए । मंगलबार बसेको सार्वजनिक लेखा समितिको बैठकमा भट्टराईले भने, 'आईएनजीओ र एनजीओले नेपालमा पृष्ठ २ मा



दलहरू कसरी चलेका छन् ? यस आधारमा धेरै विषय प्रभावित हुन्छन् । राजनीतिक दलसम्बन्धी ऐन संशोधन हुँदै छ भन्ने सुनिन्छ । अब लेखा समितिले हामीले राष्ट्रिय दलको मान्यता प्राप्त दलको अकाउन्ट हेर्नुपर्छ । यसतर्फ गम्भीर बनौं ।

**योगेश भट्टराई**
सांसद, एमाले

**Urgently Required**

A well established foreign employment company is looking for the following staff.

**Public Relation Officer (PRO) (M/F)** — **4 Nos.**

**Requirements:**
- 10+2 passed
- Preference will be given to candidate with experience of 3 years in similar fields.

Salary is Negotiable

DHR Govt. Lic. No.: 789/065/066
**Destiny Human Resource Nepal Pvt. Ltd.**
Tinkune, Kathmandu, Tel : 01-5104632, 5104634, 9851170405, 9863911244
Email: tinkunedestinyhr@gmail.com

मध्यान्ह
www.madhyanhadaily.com
२० भदौ २०८०, बुधबार
6 September 2023, Wednesday

# ‘फोहोर व्यवस्थापन गर्न तीनै तहका सरकार गम्भीर बन्नुपर्छ’

**काठमाडौं/मस**-प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले काठमाडौं उपत्यकाको फोहोर व्यवस्थापनलाई प्रभावकारी बनाउने सम्बन्धमा सरोकारवाला निकाय र पक्षका प्रतिनिधिसँग छलफल गरेका छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सिंहदरबारमा मंगलबार उनले काठमाडौंको फोहोर व्यवस्थापन, फोहोरको दीर्घकालीन समाधान र सरकारको तर्फबाट चाल्नुपर्ने कदमबारे सरोकारवाला पक्ष तथा निकायसँग छलफल गरेका हुन् ।

बैठकमा फोहोरको दीर्घकालीन समाधानका विविध पक्षबारे सहभागीहरूले आफ्नो धारणा राखेका थिए । बैठकमा बञ्चरेडाँडाको फोहोर व्यवस्थापन, स्थानीय प्रभावित नागरिकले उठाएका माग, डम्पिङ साइडका लागि जग्गा खरिद लगायतका



विषयमा छलफल भएको थियो । यसका लागि उच्चस्तरीय संयन्त्र आवश्यक रहेको र सोका लागि कानूनी प्रबन्ध आवश्यक रहेकामा जोड दिइएको छ ।बैठकमा प्रधानमन्त्री दाहालले आउँदो मन्त्रिपरिषद्को बैठकबाट देशभरिको फोहोर व्यवस्थापन गर्ने जिम्मेवारी र संयोजन सहरी विकास मन्त्रालयको हुनेगरि ठोस् निर्णय गरिने जानकारी गराए ।

प्रधानमन्त्री दाहालले फोहोर व्यवस्थापन संघीय, प्रादेशिक र स्थानीय सरकारको साँझा दायित्व भएकोमा जोड दिँदै फोहोरको दीर्घकालीन व्यवस्थापनका निम्ति गठन आदेशसहितको कानूनी व्यवस्था र दीर्घकालीन संयन्त्र निर्माण गरिने उल्लेख गर्दै त्यसका लागि ठोस गृहकार्य गर्नसमेत निर्देशन दिए ।

प्रधानमन्त्री दाहालले आमन्त्रण गरेको छलफलमा सहरी विकासमन्त्री सीता गुरूङ, नेपाल सरकारका मुख्यसचिव डा. बैकुण्ठ अर्याल, प्रधानमन्त्री कार्यालयका सचिवद्वय एकनारायण अर्याल र मणिराम गेलाल, सहरी विकास मन्त्रालयका सचिव रवीन्द्रमान श्रेष्ठ, लगानी बोर्डका कार्यकारी निर्देशक सुशील भट्ट, काठमाडौं महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वसन्त अधिकारी, ललितपुर महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्रदेव भारती लगायतका प्रतिनिधि उपस्थित थिए ।

# डोलेश्वरमा ग्रिन एण्ड क्लिन अभियान तीन सय बिरुवा रोपियो




**काठमाडौं/मस**-भक्तपुरको डोलेश्वर मन्दिर क्षेत्रमा शनिबार सरसफाइका साथै तीन सय विभिन्न जातका फलफुल र धार्मिक वृक्षका बिरुवाहरु रोपिनुका साथै जनचेतनामुलक कार्यक्रम सम्पन्न गरिएको छ ।

‘वातावरण संरक्षण हामी सबैको जिम्मेवारी’ भन्ने मूल नारालाई आत्मसात गर्दै उक्त कार्यक्रम गरिएको हो ।

ग्रिन एण्ड किल्न अभियान नेपाल विकास अभियानको आयोजना तथा भि.एस.एफ. ग्लोबलको साझेदारी साथै सूर्यविनायक नगरपालिका, डोलेश्वर मन्दिर व्यवस्थापन समिति, युवा अभियान, नेम्सेम्याक, फोहोरमैला व्यवस्थापन संघ, स्मार्ट क्लब, क्याटलिष्ट २०३०, स्थानीय संघसंस्थाहरुको सहकार्यमा भएको कार्यक्रममा २ सय ५० जनाको सहभागिता रहेको थियो ।

उद्घाटन कार्यक्रमको अध्यक्षता नेपाल विकास अभियानका अध्यक्ष अर्जुन भट्टराईले गरेका थिए भने प्रमुख अतिथि पूर्वमन्त्री महेश बस्नेत थिए । कार्यक्रममा प्रमुख अतिथि बस्नेतले स्थानीय स्तरमा जनचेतना बढाउन साथै हरियाली प्रवर्द्धन गर्ने अभियान महत्वपूर्ण रहेको र यस्ता कार्यक्रममा सहयोग गर्ने भि.एस.एफ ग्लोबल र आयोजक संस्था नेपाल विकास अभियानलाई धन्यवाद दिँदै कार्यक्रम अन्य क्षेत्रमा पनि विस्तार गर्नु आग्रह गरे ।

यसैगरी बागमती प्रदेश सांसद किरण थापा, सूर्यविनायक नगरपालिकाका उपमेयर सरिता तिम्सिना भट्टराई, वडाध्यक्ष पुष्पराज बस्नेत, भि एस एफ ग्लोबल नेपालका प्रबन्धक सुधिर शाक्य, गैसस महासंघ बागमती इन्चार्ज किरण थापा, नेम्सेम्याक केन्द्रीय अध्यक्ष टिकाराम दाहाल, फोहोरमैला व्यवस्थापन संघका केन्द्रीय अध्यक्ष ध्रुव आचार्य, युवा अभियानका अध्यक्ष पवन गौतम र अन्य सामाजिक संघसंस्थाका व्यक्तिहरु र भिएसएफ ग्लोबलका कर्मचारीहरु र स्थानीय युवाहरुले सरसफाइमा भाग लिनुका साथै वृक्षारोपणमा सहभागी भएका थिए । नेपाल विकास अभियानको संयोजनमा केहि समय अगाडि पशुपति क्षेत्रमा पनि बृहत सरसफाइ र वृक्षारोपण गरिएको थियो ।

# आँखा उपचार क्षेत्रको विकासमा नेत्रज्योति संघको भूमिका महत्वपूर्ण : मन्त्री आचार्य

**काठमाडौं/मस**- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री सुरेन्द्र राज आचार्यले नेपालको आँखा उपचार प्रणालीको विकासमा नेत्रज्योति संघको भूमिका महत्वपुर्ण रहेको बताएका छन् ।

नेपाल नेत्रज्योति संघ र दातृ निकाय सिबिएम ग्लोबलका बीचमा सहकार्यको ४० वर्ष पुगेको अवसरमा सोमबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री आचार्यले यस्तो बताएका हुन् ।

नेपाली जनतालाई सर्वसुलभ मूल्यमा देशभर गुणस्तरिय आँखा उपचार सेवा प्रवाह गरेकोमा नेत्रज्योति संघलाई धन्यवाद दिँदै उनले आगामी दिनमा सरकारका तर्फबाट हुन सक्ने सहयोग र सहकार्यका लागि आफ्नो तर्फबाट सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

त्यस्तै कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्य आर.पी विच्छाले नेत्रज्योति संघले नेपालको आँखा उचार सेवाको विकास र विस्तारमा महत्वपूर्ण भूमिका निर्वाह गरेको बताए । नेपाल नेत्रज्योति संघका अध्यक्ष प्रा.डा चेतराज पन्तले सिबिएम जस्ता दातृ निकायहरुको सहयोग र सहकार्यले नै संघले यो उपलब्धि हासिल गर्न सम्भव भएको बताउँदै सबैलाई धन्यवाद ज्ञापन गरे ।

संघका महासचिव भरतबहादुर चन्दले संघले नेपाली जनतालाई गुणस्तरीय आँखा उपचार सेवा प्रवाहसँगै नेपाललाई आँखा उपचारको पर्यटकीय गन्तव्य बनाउने योजनाका साथ आफ्ना कार्यक्रमहरु अगाडि बढाइरहेको बताए ।

यस्तै संघका कार्यकारी निर्देशक डा.




शैलेशकुमार मिश्रले सिबिएमको भूमिकाबारे प्रष्ट पार्दै भने, ‘सिबिएम हाम्रो एक पुरानो र महत्वपूर्ण दातृ निकाय हो, नेपालको अन्धोपन र बहिरोपन निवारणमा अहिलेसम्म हामीले जे जति उपलब्धिहरु हासिल गर्न सफल भएका छौं त्यसको एक महत्वपूर्ण हिस्सेदार सिबिएम पनि हो ।’

सिबिएम ग्लोबलका अन्तर्राष्ट्रिय निर्देशक रोब डोनेल्लीले नेपालको आँखा तथा कान उपचार क्षेत्रमा नेत्रज्योति संघसँगको सहकार्य जारी रहने प्रतिबद्धता व्यक्त गरे ।

जग्गादाता चौधरी परिवारका तर्फबाट बोल्दै पूर्वमन्त्री पद्मनाराय चौधरीले त्यो क्षेत्रका जनताहरुले सहजरुपमा आँखा उपचार सेवा प्राप्त गरुन् भन्ने उद्येश्यले आफ्नो परिवारले अस्पतालको लागि जग्गा दान गरिएको बताए ।

सन् १९८२ सालमा नेत्रज्योति संघको आग्रहमा सिबिएमले जर्मनबाट डा. अल्बर्ट हेनिङ र उनकी श्रीमतीलाई नेपालमा आँखा स्वास्थ्य सेवाको विकास र विस्तारका लागि नेपाल पठाएसँगै दुई संस्थाबीच औपचारिक सहकार्यको प्रारम्भ भएको थियो । सिबिएमबाट खटाइएका डा.हेनिङको अनवरत प्रयास र मिहेनतमा स्थापना भएको नेपाल नेत्रज्योति संघ, सगरमाथा चौधरी आँखा अस्पताल र विराटनगर आँखा अस्पतालले अहिले विश्वमै सबैभन्दा सर्वसुलभ मूल्यमा गुणस्तरीय आँखा उचार सेवा प्रवाह गर्दै आइरहेका छन् ।

अहिले नेपाल नेत्रज्योति संघ लहान आँखा तथा कान उपचार प्रणाली अन्तर्गत २ वटा विशिष्टिकृत सेवासहितका आँखा अस्पताल र ३१ वटा आँखा उपचार केन्द्रहरु सञ्चालनमा छन् । हालसम्म लहान आँखा तथा कान उपचार प्रणाली अन्तर्गतका आँखा अस्पताल तथा आँखा उपचार केन्द्रहरुमार्फत १ करोड २० लाख मानिसले आँखा उपचार सेवा लिएको र २० लाखभन्दा बढी बिरामीको आँखाको शल्यक्रिया गरिएको लहान आँखा तथा कान उपचार प्रणालीका प्रमुख प्रशासक सुधिर कुमार ठाकुरले जानकारी दिए ।

सिबिएमको आर्थिक सहयोगमा नेपाल नेत्रज्योति संघले कर्णाली प्रदेशमा एकीकृत आँखा तथा कान स्वास्थ्य कार्यक्रम सञ्चालन गरेको छ । उक्त कार्यक्रमबाट हालसम्म ५ हजारभन्दा बढी बिरामीको आँखाको निःशुल्क शल्यक्रिया गरी ज्योति प्रदान गरिसकिएको संघले बताएको छ ।

उक्त कार्यक्रमा सिबिएमको सहयोगमा सञ्चालित कार्यक्रममार्फत अन्धोपन तथा बहिरोपन न्यूनीकरणमा योगदान गर्ने प्रा.डा रामप्रसाद पोखेल, डा. अल्बर्ट हेनिङ, मधुसूदन ढकाल, चौधरी दाता परिवार (स्व.सरोवरलाल चौधरी, स्व.छबिलाल चौधरी र रविन्द्रलाल चौधरी), सुधीरकुमार ठाकुर, डा.सञ्जय कुमार सिं र बिन्देश्वर महतोलाई सम्मानसमेत गरिएको थियो भने नेपालको अन्धोपन र बहिरोपन न्यूनीकरणमा महत्वपूर्ण सहयोग गरेकोमा नेत्रज्योति संघले सिबिएम ग्लोबल र सिबिएम इन्टरनेशनलाई समेत सम्मान गरेको थियो ।

साथै सोही अवसरमा ‘दिगो र व्यापक आँखा उपचार सेवा आजको आवश्यकता’ विषयमा बृहत् छलफल कार्यक्रम आयोजना गरिएको थियो । जसमा नेत्रज्योति संघका डा.शैलेश कुमार मिश्र, आईएपिबिका युद्ध धोज सापकोटा, सिबिएमका सुरज सिग्देल, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका रबिकान्त मिश्र, नेपाल अप्थाल्मीका सोसाइटीकी डा.मिनु चौधरी र राष्ट्रिय अपांग महासंघका देविदत्त आचार्य सहभागी थिए भने उक्त छलफलको सहजीकरण संघका कार्यक्रम व्यवस्थापक रन्जन साहले गरेका थिए ।

उक्त कार्यक्रममा समाज कल्याण परिषद्का कोषाध्यक्ष विनय लामा, गैरसरकारी संस्था महासंघका अध्यक्ष रामप्रसाद सुवेदीलगायत आँखा स्वास्थ्य सेवासँग सम्बन्धित विभिन्न व्यक्तित्वहरुको उपस्थिति रहेको थियो ।

# गरुडा नगर उद्योग वाणिज्य संघको अध्यक्षमा साह निर्वाचित



**सागर संगम ठाकुर/मध्यान्ह**
रौतहट, १९ भदौ

रौतहटको गरुडा नगर उद्योग वाणिज्य संघको अध्यक्षमा सतिश साह निर्वाचित भएका छन् ।

नगर उद्योग वाणिज्य संघको अध्यक्ष पदका लागि सोमबार भएको निर्वाचनमा दुई जना उम्मेदवारबीच कडा प्रतिस्पर्धा भएको थियो ।

सोमबार बिहान ८ बजेदेखि शुरु भएको मतदान बेलुका ४ बजेसम्म शान्तिपूर्ण रूपमा चलेको थियो । सोमबार राति नै ८ बजेदेखि शुरु भएको मतगणामा अध्यक्षमा सतिश साह निर्वाचित भएका निर्वाचन समिति संयोजक पण्डित प्रसाद जैसवालले जानकारी दिए । साह आफ्नो निकटतम प्रतिद्वन्द्वी सन्तोष जयसवाललाई १ सय ३९ मतान्तरले पराजित गर्दै विजयी भएका हुन् । अध्यक्ष साहले कुल ४ सय ८८ मत ल्याएका छन् भने उनका निकटतम प्रतिद्वन्द्वी चौधरीले ३ सय ४९ मत ल्याएका छन् ।

# प्रशासकीय र लेखा अधिकृतले कार्यकक्षमै गरे अनैतिक क्रियाकलाप

**काठमाडौं/मस**- इलामको माईजोगमाई गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत काजीमान राई र लेखा अधिकृत (महिला कर्मचारी) बीचको अनैतिक क्रियाकलापको भिडियो बाहिरिएको छ ।

उनीहरु बीचको अनैतिक क्रियाकलापको भिडियो फरक-फरक समयमा फरक-फरक भिडियो बाहिरिएको हो । उक्त भिडियोमा इलामको माईजोगमाई गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राई र महिला लेखा अधिकृतले कार्यालयमै हर्कत गरेको देखिएको छ ।

प्रशासकीय अधिकृत राईले महिला कर्मचारीको संवेदनशील अंगमा छुने, चुम्वन गर्ने लगायतका



काम गरेको भिडियोमा स्पष्ट देखिएको छ । भिडियोमा रहेको मिति अनुसार उक्त भिडियो गत असार २३ गते खिचिएको हो ।

महिला कर्मचारी कार्यकक्षमा प्रवेश गर्नु अगाडि नै कुरेर बसेका प्रशासकीय अधिकृतले आउने वित्तिकै अँगालो हाल्छन् र चुम्वन गर्छन् । यस्तै, महिलाले पनि राईको गाला सुम्सुम्याउने गरेको देखिएको छ । त्यसपछि महिला कर्मचारीले खाममा रहेको पैसा गन्न दिन्छिन् । अधिकृत राईले पैसा गनेर पुनः महिला कर्मचारीलाई दिएको देखिन्छ । गाउँपालिकाका अध्यक्ष कुशबहादुर थेवेले आफूले पनि सामाजिक सञ्जालबाट सो कुरा थाहा पाएको बताएका छन् । यस बीचमा प्रमुख प्रशासकीय अधिकृत भने सरुवा भइसकेको बताइएको छ ।

## सुन...

पर्नेहरुमा रामकुमार भुजेल, दिलिप भुजेल, हर्कराज राई, थाप्तेन छिरिङ, राजेन्द्र राई, अशोक लामा, जीक्वाङ लिन, राजन श्रेष्ठ, पुष्करराज भट्ट, कृष्ण श्रेष्ठ, यादव पराजुली, सुदर्शन गौतम, सन्तोष चन्द, कुमार ढकाल, सरोज श्रेष्ठ, सुरेन्द्र तामाङ, दावा छिरिङ, टीयान मि, वेन तोङ, डीङ सेग्फा, ली-नेङकाई, याओ पुचेङ्ग, ली वेन सुङ्ग, गणेश पौडेल, किशोर बस्नेत र सुमन खरेल छन् ।

## भारतबाट...

९ किलो सुन प्रकरणमा नासु रेवन्त खड्कालाई विमानस्थलको भन्सार कार्यालयले पत्र लेखेपछि वैशाख ३० गते पक्राउ गरिएको थियो ।

उनीसँगै सुन पसले वेदप्रसाद अग्रवाल, सुन जाँच्ने साहेव राव मर्ग, सुन पसले निर्मलकुमार विक, भन्सार एजेन्ट दिनेश बस्नेत र अमृत कार्की सुरक्षा गार्डसहित ९ जना पक्राउ परेका थिए ।

## भ्रष्टाचारमा...

थियो । गाउँपालिकालाई बुझाउनुपर्ने शंकरपुर ताल ठेक्काको ६ लाख १० हजार रुपैयाँ कँडेलले ठेकेदारबाट लिई आफैं हिनामिना गरेको ठहर अख्तियारले गरेको छ । अख्तियारले दायर गरेको भ्रष्टाचार मुद्दामा कँडेलसँग ६ लाख १० हजार रुपैयाँ बिगो दाबी गरिएको छ ।

## मलेसियामा...

‘आप्रवासी कामदारहरुको हितको रक्षा गर्न कानूनहरु पहिले नै छन्, तर कानून कार्यान्वयनको अभावले आप्रवासी कामदारको बासस्थान दयनीय देखिएको छ ।’ मलेसियाको श्रम विभागले पर्याप्त जनशक्ति नभएको भन्दै होस्टेलहरुको अनुगमन गर्न नसकेको बताएको छ ।

## क्यानडा...

अनुसन्धानमा उक्त विज्ञापनपछि सम्पर्कमा पुगेका पीडितलाई क्यानडामा क्यासियरको काम लगाइदिने र त्यसबापत पाँच लाख ४५ हजार रुपैयाँ तलब हुने लोभ देखाएर रकम ठगी गरेको पाइएको हो । ‘क्यानडा जानका लागि प्रोसेसका लागि आइएलटिएस सर्टिफिकेट र सिभी, राहदानी, शैक्षिक योग्यताको प्रमाणपत्रहरु पठाइदिनुहोस् भनी पटक-पटक ह्वाट्सएपबाट माग गरेको पाइयो, त्यसपछि पीडितले कागजात पठाएका थिए,’ प्रहरी उपरीक्षक रेग्मीले भने, ‘उक्त कागजात पेस गर्न रकम तिर्नुपर्छ भनी पीडितबाट नेपालमा रहेका विभिन्न व्यक्तिहरुका नाममा रहेको बैंक खातामा पैसा हाल्न लगाएको भेटियो ।’

पीडितलाई त्यसरी लोभ्याएर पटक-पटक गरी जम्मा ३४ लाख ५७ हजार रुपैयाँ पठाउन लगाइ ठगी गरेपछि उनीहरु सम्पर्कविहीन भएको भनी जाहेरी परेको थियो र सोही जाहेरीका आधारमा टोली परिचालन गरी खोजी थालिएको थियो ।

यसरी अनलाइनमार्फत ठगी गर्ने कार्यमा संलग्न पाइएपछि जिल्ला कास्की माछापुच्छे गाउँपालिका-६ बस्ने ३० वर्षीय लक्ष्मण नेपाली र जिल्ला सप्तरी राजविराज नगरपालिका-४ का ३५ वर्षीय महावीरप्रसाद साहलाई पक्राउ गरी कानूनी कारबाही शुरु भएको पनि उनले बताए ।

यसैबीच प्रहरीले क्रिप्टो कारोबारमा सङलग्न एक व्यक्तिलाई पनि पक्राउ गरेको छ । पक्राउ पर्नेमा बूढानीलकण्ठ पासिकोट बस्ने पुरुषोत्तम कार्की छन् । उनीविरुद्ध नेपाल राष्ट्र बैंक ऐनअन्तर्गत कारबाही भइरहेको प्रहरीले जानकारी दिएको छ ।

## दलको...

गर्ने खर्च पनि पारदशी छैन । ठिक छ, नेपालमा सहयोग आउनुपर्छ तर त्यसलाई नेपालको बजेटरी सिस्टममा ल्याउनुपर्छ ।’

उनले नेपालका राजनीतिक दलहरु कसरी चलेका छन् भनेर थाहा पाउन उनीहरुको बैंक खाता सार्वजनिक लेखा समितिले हेर्न पाउनुपर्ने समेत बताए । उनले भने, ‘दलहरू कसरी चलेका छन् ? यस आधारमा धेरै विषय प्रभावित हुन्छन् । राजनीतिक दल सम्बन्धी ऐन संशोधन हुँदै छ भन्ने सुनिन्छ । अब लेखा समितिले हामीले राष्ट्रिय दलको मान्यता प्राप्त दलको अकाउन्ट हेर्नुपर्छ । यसतर्फ गम्भीर बनौं ।’

बेरुजुमाथिको छलफलका क्रममा उनले निर्णयकर्ता मन्त्री र सचिव तथा कार्यान्वयनकर्तालाई समेत जिम्मेवार बनाउनुपर्ने बताए । ‘मन्त्रीको पालामा के भयो, के कति बेरुजु छ, त्यो सम्बन्धित दलमा पठाऔं’ भट्टराईले भने, ‘ताकी दलमा पनि जिम्मेवार हुन सक्छ र आगामी जिम्मेवारीका सन्दर्भमा दललाई निर्णय लिन सहज हुन्छ ।’

उनले अगाडि भने, ‘निर्णयकर्ता कि मन्त्री हुन्छ कि सचिव हुन्छ । सचिवको पालामा अनियमितता हुन्छ, बेरुजु हुन्छ तर त्यही रिटायर्ड भएपछि राजदूत हुन्छ, संवैधानिक निकायमा जान्छ वा अन्य नियुक्ति लिन्छ ।’

सांसदहरुले नेपालमा बेरुजु र त्यसको फछ्र्योटमा पनि प्रश्न उठाए ।

माओवादी केन्द्रका सांसद लेखनाथ दाहालले कमिसनमा आधारित बेरुजु फछ्यौट भएको बताए । उनले भने, ‘५० लाखको कमिसन पाएपछि बेरुजु फछ्यौट हुन्छ । व्यवहारिक पाटो यही हो ।’

बेरुजु फछ्र्योट सम्बन्धित कार्यालयका अधिकारीले गर्छन् । महालेखा परीक्षकको कार्यालयका कर्मचारीले सरकारी कार्यालयमा अडिट गर्छन् । यदि बेरुजु पत्ता लागे कमिसनमा फछ्यौट हुने सांसद दाहालको दाबी छ ।

बैठकमा नेकपा एमालेका सांसद एवम् पूर्वमन्त्री गोकुल बास्कोटाले पनि महालेखाको प्रतिवेदन महापुराण जस्तो भाषण हुने र निचोड नहुने टिप्पणी गरे । उनले भने, ‘टेक्निकल अडिट गर्दैगर्दैनौ । यहाँ ल्याप्सेस छ । यसकारण गुणस्तरीय काम हुँदैन ।’

सधैं ठेक्का पाउने र तर गुणस्तरीय काम नहुने पप्पु कन्स्ट्रक्सनको उदाहरण दिँदै उनले भने, ‘तरंगित भएर होइन, तथ्यमा आधारित भएर मात्रै उजुरी सार्वजनिक गरौं । त्यो स्टन्टबाजी हुन्छ म यस्तो पक्षमा छैन । बिगतमा दिइएका निर्देशन र त्यसको कार्यान्वयन खोजौं ।’


**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/०४/२३ मा दर्ता कायम भएका **गोल्डेल गेट इन्भेष्टमेन्ट प्रा.लि. (प्रा.लि. नं. १७२६०९)** लाई खारेजी लिक्वीटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८०/०५/१९ गतेमा सम्पन्न संचालक समितिको निर्णय बमोजिम यस कम्पनीले तिर्न बेहोर्न पर्ने ऋण, धन, एवं कोही कसैको बाकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरका कार्यलय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्वीडेटरः रोशन कुमार बजिमय,** **ईजाजत प्र.प.नं. २२१**
**ठेगानाः त्रिपुरेश्वर, काठमाडौं** **मोवाईल नं. ९८४१३६९७७१**



**युएईमा रोजगार | कम्पनी : DIRASU HOSPITALITY SERVICES**
**शहर : UAE**

पूर्व स्वीकृत मितिः २०८०/०५/१९ चलानी नं.: ६०२०७२९६ LT. No.: 292142

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carering Service Supervisor | 2 | 2 | सम्बन्धित काममा दक्ष | 1800 | ६४,७२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaner | 15 | 10 | | 1100 | ३९,५५६ | | | | | | | |
| 3. | Sales Officer | 5 | 1 | | 1800 | ६४,७२८ | | | | | | | |
| 4. | Waiter | 15 | 10 | | 1100 | ३९,५५६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ २७ गते (13 September 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. १५३९/०७८/०७९

**Woodland International Pvt. Ltd.**
Sinamangal-9, Kathmandu | Phone: 01-5910848, 5910849, 9808081660
E-mail: woodlandinternational22@gmail.com | www.woodlandinternational.com



**युएईमा रोजगार | कम्पनी : PRIME FM BUILDING MAINTENANCE LLC**
**शहर : DUBAI**

पुर्व स्वीकृत मितिः २०८०/०५/१९ चलानी नं.: ६०२०७२९७ LT. No.: 292141

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 25 | स. काममा दक्ष | 1000 | ३५,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० भदौ २७ गते (13 September 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Empower Human Resources Management Pvt. Ltd** Gov. Lic No. 1150/073/074
Sinamangal -9, Near by Panchakumari Temple, Kathmandu, Nepal, Tel.: 01-4588265, 01-4599445
Mobile No 9818766422 | 9819063243 | 9814048923 | 9843524997 | 9860700057
9813657032 | 9851049746 | 9806080426, 9823040845 Email: empowerhrnepal@gmail.com
Jhapa Branch : 023-535323 | Chatwan Branch : 9855016639 | Butwal Branch : 9851178901

# चाडपर्व लक्षित संयुक्त बजार अनुगमन गरिँदै



**काठमाडौं/मस–** सरकारले आगामी असोज १ गतेदेखि जिल्ला प्रशासन कार्यालय काठमाडौंसहित उपभोक्तासँग सरोकार राख्ने विभिन्न नौ विभागका अधिकारीसहितको टोलीले बजार अनुगमन गर्ने भएको छ ।

वाणिज्य तथा उपभोक्ता हित संरक्षण विभागको नेतृत्वमा उपभोक्ता अधिकारसँग सम्बन्धित विभागबाट संयुक्त रुपमा बजार अनुगमन गर्ने निर्णय गरिएको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव मधुकुमार मरासिनीले जानकारी दिए ।

अब बजार अनुगमनमा वाणिज्य, आन्तरिक राजस्व, खाद्य प्रविधि तथा गुण नियन्त्रण, स्वास्थ्य सेवा, औषधि व्यवस्था, गुणस्तर तथा नापतौल, कृषि, पशु सेवा, पर्यटन विभाग र जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि सहभागी हुनेछन् । यसअघि वाणिज्य तथा उपभोक्ता हित संरक्षण विभागले बजार अनुगमन गर्दै आएको थियो ।

विभाग एक्लैले अनुगमनका गर्दा प्रभावकारी काम हुन नसकेको भन्दै आलोचना हुने गरेको थियो । सचिव मरासिनीले जिल्ला प्रशासन कार्यालय र विभिन्न नौ विभागका प्रतिनिधिको उपस्थितिमा समन्वयात्मक बैठक सम्पन्न भएको जानकारी दिए ।

उक्त बैठकले आगामी असोज १ गतेदेखि कम्तीमा १० टोली बजार अनुगमनमा पठाउने निर्णय गरेको छ ।

वाणिज्य सचिव नेतृत्वको समितिको बैठकले ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई बजार अनुगमनको अधिकार प्रत्यायोजन गरिएको सचिव मरासिनीको भनाइ छ । 'उहाँहरुलाई बजार अनुगमन गर्न 'म्यान्डेड' दिइएको छ, सात सय ५३ वटै पालिकामा बजार अनुगमनको व्यवस्था मिलाइएको छ', उनले भने ।

साधन स्रोतको सीमितताको बाबजुद पनि समन्वय र अनुगमनका कामलाई प्रभावकारी ढंगबाट अगाडि बढाइएको सचिव मरासिनीले बताए । 'चाडपर्व लक्षित बजार अनुगमन हुन्छ, यसअघि वाणिज्य विभाग एक्लैले बजार अनुगमन गर्दै आएको थियो', उनले भने, 'अब उपभोक्तासँग सरोकार राख्ने सबै विभागका प्रतिनिधि सम्मिलित टोली बनाएर अनुगमनमा पठाइनेछ ।'

# श्रीकृष्ण जन्माष्टमी पर्व मनाइँदै

**काठमाडौं/मस–**
वैदिक सनातन धर्मावलम्बीले 'श्रीकृष्णजन्माष्टमी' पर्व आज देशभर भगवान् श्रीकृष्णको पूजा-आराधना गरी श्रद्धा-भक्तिपूर्वक मनाउँदैछन् ।

ज्ञानयोग, कर्मयोग र भक्तियोगका प्रणेता भगवान् श्रीकृष्णको जन्म द्वापरयुगमा भाद्रकृष्ण अष्टमीको मध्यरातमा भएकाले आजको दिनलाई 'श्रीकृष्ण जन्माष्टमी' र रातलाई 'मोहरात्रि' भनिन्छ । यस दिन देशभरिका कृष्णमन्दिरमा भगवान् श्रीकृष्णको पूजा-आराधना, प्रवचन, भजनकीर्तन गर्नाका साथै विशेष गरी महिला, पुरुष 'व्रत' बसी रातभर जाग्राम बस्ने प्रचलन छ ।

अन्याय, अत्याचार र राक्षसी प्रवृत्तिबाट सम्पूर्ण मानवको रक्षा गर्न भगवान् विष्णुको आठौँ अवतारका रूपमा जन्मनुभएका श्रीकृष्णले आजीवन सत्यको पक्षमा रही सत्कर्मका लागि मानव समुदायलाई प्रेरित गर्नुभएको थियो । कुरुक्षेत्रमा कौरवसँगको लडाइँमा संलग्न पाण्डवमध्येका अर्जुनलाई उपदेश दिने क्रममा स्वयम् श्रीकृष्णका मुखारविन्दबाट व्यक्त



'श्रीमद् भागवत गीता' पवित्र ग्रन्थ मानिन्छ । छोटकरीमा गीता नामले समेत चिनिने यो ग्रन्थ विश्वमै सबैभन्दा बढी भाषामा अनुवाद भएको विश्वास गरिन्छ ।

बाल्यकालदेखि नै आफ्ना विचित्र लीला देखाएका श्रीकृष्णले पुतना, कंश, जरासन्ध र शिशुपालजस्ता दानवी प्रवृत्तिको संहार गर्नुभएको पौराणिक ग्रन्थमा उल्लेख छ । यस अवसरमा आज पाटनको मंगलबजारस्थित प्रसिद्ध कृष्ण मन्दिरमा ठूलो मेला लाग्दछ ।

यसैगरी राजधानीको उत्तरपूर्वी भेगस्थित कागेश्वरी मनोहरा नगरपालिकामा रहेको नवतनधाममा पनि भक्तजनको भीड लाग्छ । उत्तरी भेगस्थित बूढानीलकण्ठमा रहेको श्रीकृष्ण भावनामृत सङ्घको कार्यालयमा रहेको कृष्ण मन्दिरमा पनि भक्तजनको भीड लाग्छ ।

राजधानीका विभिन्न स्थानमा रहेका ठूला, साना श्रीकृष्ण मन्दिरमा पनि भक्तजनको भीड लाग्ने गर्छ । यसै उपलक्ष्यमा काठमाडौंका विभिन्न धार्मिक संघ संस्थाद्वारा श्रीकृष्णको झाँकीसहित शोभायात्रा तथा रथयात्रा निकाल्ने चलन छ । यस पर्वका अवसरमा सरकारले देशभर सार्वजनिक बिदा दिएको छ ।

यसैबीच राष्ट्रपति रामचन्द्र पौडेलले श्रीकृष्ण जन्माष्टमी पर्वले बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक विविधतायुक्त हाम्रो समाजलाई भावनात्मक एकताको सूत्रमा आबद्ध गरी धार्मिक सहिष्णुता तथा आपसी सद्भाव कायम गर्दै सत्कर्मका लागि मानव समुदायलाई प्रेरित गर्न सहयोग पुऱ्याउने अपेक्षा लिएका छन् ।

श्रीकृष्ण जन्माष्टमीको अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइमा सुख, शान्ति र सुस्वास्थ्यका लागि हार्दिक शुभकामना व्यक्त गर्दै उनले सो कुराको अपेक्षा गरेका हुन् ।

राष्ट्रपति पौडेलले भनेका छन्, 'यस पर्वले बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक विविधतायुक्त हाम्रो समाजलाई भावनात्मक एकताको सूत्रमा आबद्ध गरी धार्मिक सहिष्णुता तथा आपसी सद्भाव कायम गर्दै सत्कर्मका लागि मानव समुदायलाई प्रेरित गर्न सहयोग पुऱ्याउने अपेक्षा लिएको छु ।'

# विद्युत प्राधिकरणका फोरम्यान घुससहित पक्राउ

**काठमाडौं/मस–** नेपाल विद्युत प्राधिकरण इनरुवा वितरण केन्द्रमा कार्यरत फोरम्यान विर्जु कुमार महतो घुससहित पक्राउ परेका छन् ।

उद्योगमा विद्युत क्षमतावृद्धि गरिदिए बापत सेवाग्राहीसँग घुस माग गरेको उजुरीका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरीबाट खटिएको टोलीले महतोलाई पक्राउ गरेको हो । घुस बापतको २५ हजार रुपैयाँ लिइसकेको अवस्थामा उनलाई इनरुवा नगरपालिका वडा नम्बर ३ बाट मंगलबार नियन्त्रणमा लिइएको अख्तियारले जनाएको छ । उनीमाथि थप अनुसन्धान भइरहेको अख्तियारले जनाएको छ ।


## साउदीमा रोजगार | कम्पनी: MEZAJ COFFEE COMPANY(ONE PERSON)
शहर: Saudi Arabia, Riyadh

पुर्व स्वीकृत मिति: २०८०/०५/१९ चलानी नं.: ६०२०७२९२ LT. No.: 292072

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food & Beverage Counter Worker | 11 | 0 | स. काममा दक्ष | 1000 | ३५,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ २७ गते (13 September 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

पिरामिड इन्टरनेशनल इम्प्लाइमेन्ट सर्भिस (प्रा.) लि.
श्रम इजाजत नं. ०५४/०५१/०५२
महाराजगंज, चप्पल कारखाना, लोशाल, काठमाडौं नेपाल, फोन: ०१-४०१७१०७, ४०१७१४१, ४०१७०६३
फ्याक्स: ४०१७०८६, Email: pyramidinter1995@gmail.com / Web: www.pyramidmanpower.com

## मलेसियामा रोजगारको अवसर | कम्पनी: FOODBALL JUNCTION
शहर: MALAYSIA

पूर्व स्वीकृत मिति: २०८०/०५/१९ चलानी नं.: ६०२०७२७२ L.T. No.: 292086

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Crew Restaurant | 3 | 0 | स. काममा दक्ष | 1500 | ४२,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ २७ गते (13 September 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

जब वर्ल्ड ईण्टरनेशनल ओभरसिज प्रा. लि.
श्रम इजाजत नं. ८४५/०६६/०६७
सामाखुसी, काठमाडौं, नेपाल, फोन: ४९८८३८०, ४९८२५३३, फ्याक्स: ४३८८३८१

## Qatar मा रोजगार | Lechus Beauty Salon

पुर्व स्वीकृती मिति: २०८०/०५/१९ चलानी नं. ६०२०७२१९ LT No.: 291960

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Messenger | 0 | 2 | काममा दक्ष | 1700 | ६१,८२४।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | नि:शुल्क |

अन्तरवार्ता २०८० भदौ २७ गते (13 Sept., 2023) यस प्रा. लि. को कार्यालय धुम्बाराही, काठमाडौंमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफुसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

Tiger Overseas Employment Services Pvt. Ltd.
Govt Lic. No: 335/059/060
Kathamandu 4 Prakash marg, Dhumbarahi, Nepal 01-4518997
Email : info@tigeroverseas.com.np, Website: www.tigeroverseas.com.np


## Invitation for Bids

### Rangeli Municipality
### Office of the Executive Municipal
**Rangeli, Morang**

**Invitation for Electronic Bids only for the Goods & Works**
**Date of publication: 06-08-2023 (20/05/2080)**

1. Rangeli Municipality invites electronic bids only from Nepalese eligible bidders & applying the Construction & Supply Form, Company for Works under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Rangeli Municipality, Rangeli, Morang, mailing address - rangelimun.gov.np, Mobile No -9861301762 and email address - er.rangelimunt@gmail.com or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder submits their bid electronically only & may download the bidding documents for e-submission from PPMO's Website www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank :- Agricultural Development Bank, Branch Office, Rangeli, Morang**
   **Name of Office : Rangeli Napa Nagarkaryapalika, Rangeli, Morang,**
   **Office Account no. : Rajaswa (revenue) Shirshak no. Ga(1.1)0601401150257011,**
   Cost of bidding document shown in below table
4. Pre-bid meeting shall be held at Rangeli Municipality, Rangeli, Morangat 2080-06-15 on 13.00 hrs.
5. Electronic bids must be submitted to Rangeli Municipality, Rangeli, Morang through PPMO website www.bolpatra.gov.np/egp on or before 12.00 on 06/10/2023 (19/06/2080). Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend 13.00, 06/10/2023 (19/06/2080) at the office of Rangeli Municipality. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, which shall be valid for 30 days beyond the validity period of the bid.
7. Information to deposit the Bid security in Bank: Name of the Bank: Agricultural Development Bank, Rangeli, Morang, Deposit no-Ga(3.1)0601401150257079. Name of Office: Rangeli Nagarpalika, Rangeli, Morang.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. Details of Works

| S. No. | Contract Identification No. | Name of Project | Estimated Amount without Vat | Bid Security Amount NRs. | Cost of Bidding Document |
|---|---|---|---|---|---|
| 1 | NCB/Rangeli/Works/06/080/81 | Construction of Physical Disable School in Ranjani & Karmakar Community Building, Rangeli-3 | 1,13,26,086.5 | 3,20,000.00 | 3,000.00 |
| 2 | NCB/Rangeli/Goods/05/080-81 | Supply and Fabrication of Santhal Tole Trail Bridge, Rangeli-9 | 10,21,880.93 | 30,000.00 | 1,000.00 |

**Chief Administrative Officer**




मध्यान्ह
www.madhyanhadaily.com
२० भदौ २०८०, बुधबार
6 September 2023, Wednesday

## सम्पादकीय

# एमाले हिँड्नुपर्ने बाटो

प्रमुख प्रतिपक्षी दल नेकपा एमालेको लुम्बिनी प्रदेश अधिवेशनलाई राष्ट्रिय राजनीतिमा चासोका साथ हेरिएको छ । प्रदेश अधिवेशनलाई नै चासोका साथ हेरिनुमा मतदानको माध्यमबाट नेतृत्व चयन प्रक्रिया अलवम्बन गरिनु हो । मुलुक संघीय संरचनामा गएको ८ वर्षपछि एमालेले पहिलोपटक मतदानको माध्यमबाट प्रदेशको नेतृत्व चयन गरेकाले मात्रै नभए यसअघि अपनाउँदै आएको मनोनयनको विधि यो अधिवेशनले तोडेकाले समेत चासोका साथ हेरिएको हो । एमालेकै संगठनात्मक इतिहासमा यस्तो अभ्यास प्रशस्त भएको छ । तर पछिल्ला वर्षहरूमा भने एमाले प्रतिनिधिहरूको मतका आधारमा नेतृत्व चयन प्रणाली अवलम्बन गर्न छोडेको थियो । विशेषगरी पूर्व पार्टी प्रमुख एवम् पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल र झलनाथ खनाल सहितले पार्टी छोडेपछि एमालेभित्र मतदानबाट नेतृत्व चयनको प्रक्रिया ठप्प भएको थियो ।

अध्यक्ष केपी शर्मा ओलीले मनोनयन गर्ने नेताहरूले पार्टी संगठन चल्दै आएको थियो । सबै वडाको एकैपटक, सबै पालिकाको एकैपटक र सबै जिल्लाको एकैपटक अधिवेशन गरेर सर्वसहमतिको विधि लागू गरिएको थियो । आकांक्षीहरूबीच सहमति नहुँदा पार्टी नेतृत्वले हस्तक्षेप गर्ने गरेको थियो । तर मनोनयनबाट हुने नेतृत्वले पार्टी कमजोर भएको निष्कर्षसहित एमालेबाट पार्टी सदस्यहरूबाट चयन हुने प्रतिनिधिहरूको मतका आधारमा नेता चुन्ने प्रणाली लुम्बिनीमा शुरू भएको छ । तसर्थ पनि प्रदेश अधिवेशनलाई पनि चासोका साथ हेरिएको बुझ्न सकिन्छ ।

हुनत नेपाली कांग्रेस बाहेक अरू लगभग सबैजसो दलमा मनोनयनकै विधि उपयोग हुने गरेको छ । कांग्रेसभित्रै पनि नेताले सदस्य चुन्ने र तिनै सदस्यबाट आफै अनुमोदित हुने प्रणाली बदल्नुपर्ने आवाज उठ्न थालेको छ । सरकारको नेतृत्व गरिरहेको माओवादी केन्द्रले त कहिल्यैपनि प्रतिनिधिबाट नेतृत्व चुन्ने गरेको छैन । जबकी मुलुकको संविधान र पार्टीकै विधानले पनि लोकतान्त्रिक प्रक्रियालाई नेतृत्व निर्माणको आधार भनेको छ । तर नेतृत्व शक्तिशाली बनाउन आन्तरिक लोकतन्त्र कमजोर बनाउने संस्कृतिलाई एमालेले समेत पछ्याउन थालेको थियो । त्यस्तो संस्कृति तोड्ने काम लुम्बिनी प्रदेश अधिवेशनले गरेको छ । अरूतिर पनि लुम्बिनीको अभ्यास गरिदा पार्टीहरूभित्रको लोकतन्त्र सबल बन्न सक्छ । किनकि नेता बन्ने भनेकै कार्यकर्ता र जनताको विश्वास जितेर हो, त्यही प्रणालीले लोकतन्त्रलाई बलियो बनाउँछ भने व्यवस्था जोगाउन मुद्दा पुग्छ ।

# श्रीकृष्ण : धर्मको रक्षा र अधर्मको नाश

धर्म-संस्कृति



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

अतीतमा देश, विदेशको विषम परिवेशका कारण जात्रा, पर्वमा संकुचन आयो । अहिले पनि नेपाली मन रमेको अवस्था छैन । दिन परदिनको महँगीको त्रासका कारण, राजनीतिक भाँडभैलो, देश अस्थिर र संकटमा छ । दर्शन शास्त्रहरु पढेर, मनन गरेर चित्त बुझाउनु परेको अवस्था छ । भागवत र ब्रह्मवैवर्त पुराणले श्रीकृष्णलाई कृष्णस्तु भगवान स्वयम् अर्थात् श्रीकृष्ण स्वयम् सम्पूर्ण लोकका भगवान हुनुहुन्छ भनेर भनेका छन् । श्रीकृष्णका बारेमा विस्तृत चर्चा गर्ने हिम्मत नभए पनि विषयमा प्रवेशसम्म गर्न सान्दर्भिक छ ।

मोह रात्रिका नामले वर्षभरिकै उत्कृष्टरूपमा चिनिएको भाद्रकृष्ण अष्टमीको दिनलाई श्रीकृष्ण जन्माष्टमीको रूपमा भव्यरूपमा मान्ने चलन प्राचीन समयदेखि चल्दै आएको हो । सोह्र कलाले पूर्ण, चन्द्रवंशमा पूर्ण अवतारको रूपमा श्रीकृष्णले मानवरूपमा मथुरामा बसुदेव देवकीका आठौं गर्भका रूपमा धर्तीमा अवतरित हुनुभएको थियो । उहाँलाई मुख्य दश अवतारमध्ये आठौं अवतारको रूपमा लिइन्छ ।



युग भने परिवर्तन भइरहन्छ । अहिले हामी कलि युगमा छौं । अन्य युगमाझैं कलि युगमा पनि मानव निर्मित र आफैं सृजित, उत्पात, महामारी, प्रकृतिको ताण्डव नृत्य पनि धेरै भइरहने कुरा हो । कलियुगको आयु चार लाख ३२ हजार वर्षको छ । वि.सं. २०८० सँगै यसको आयु पाँच हजार एक सय २४ वर्ष पूरा भएको छ । हाल देखिएको विषम परिवेश हाम्रा लागि समस्या आरम्भको संकेत हो । यसअघि पनि विषम महमारीहरु धेरै भएका हुन्, यो युग मात्रै होइन, युग युग पिच्छे नै खराबी, इर्ष्या, छल प्रवृत्तिहरु त हुने नै हुन्छन् । सत्यको पुनर्स्थापना गर्न अदृश्य नै भए पनि कुनै शक्तिले काम गरी नै रहेको हुन्छ । हालको कलियुग शुरु हुनु अगाडिको द्वापरयुगमा धर्तीमा देखिएको अन्याय, अत्याचार, कुसंस्कार र दुष्ट, कुर, तानाशाह, बादशाहहरुलाई निर्मुल पारी सत्य धर्मको संस्थापनका लागि ब्रह्मा आदि देवताहरुको पुकारलाई र यसअघि नै दिइएको बरदान सिद्ध गर्न लक्ष्मीका पति शेषशायी श्रीविष्णुले गोरूपी पृथ्वीको आर्तपुकारपछि यादवकुलका शुरसेनपुत्र बसुदेवका पुत्ररूपमा जन्म लिने आश्वासन मुताविक कंशद्वारा बन्दी बनाइएका कारागारमा मध्यरात्रि, मोहरात्रिमा सबैलाई मोहित पारी पूर्वयोजनाअनुसार यसअघि नै योगमायालाई पठाई आफूले जन्म लिनु भएको थियो ।

अवतारको प्रसङ्गमा "एते चांशकला पुंसः कृष्णस्तु भगवान् स्वयम्" भनेर भागवतले अन्य अवतारलाई अंश अवतार र श्रीकृष्ण अवतारलाई पूर्ण अवतार मानेको छ । सात्विक भावका मथुरा नरेश उग्रसेन राज्य सञ्चालनमा व्यस्त हुँदा वन बिहार गर्ने इच्छा राख्ने उहाँकी रानीको कोखमा द्रुमिल दैत्यको कालो छायाँ पर्न गई कुसंस्कार र छलको प्रतिकका रूपमा जन्मिएको कंशले धर्तीदेखि ब्रह्माण्ड तहस नहस पार्न खोज्दा प्रताडित बनेकी धर्ती एवम् सम्पूर्ण देवताहरुको प्रार्थनालाई सुनेर मानव स्वरूपमा जन्मी धर्म, न्यायको उपदेश दिने द्वापरयुगीन श्रीकृष्णको स्वधागमन समय यसै वर्ष ५१२४ वर्ष पूरा भैसके पनि उनका पावनलीला, अवतार प्रसङ्गले मथुरा क्षेत्रदेखि वृन्दावन र अवतार प्रसङ्ग चर्चा हुने सम्पूर्ण क्षेत्र हालसम्म दिव्य धामकै रूपमा रहेको छ । राजा उग्रसेनका भाइ देवककी पुत्री देवकीलाई अति माया गर्ने कंशले बहिनी देवकीको बिहे यादव कुलका बसुदेवसँग हुँदा दाइजोसहित पुऱ्याउन जाँदा बाटामा "देवकीकै आठौं गर्भबाट तेरो मृत्यु हुन्छ" भन्ने आकाशवाणी सुनी रिसले चूर भई बाटैमा खड्ग प्रहार गरी बहिनीलाई मार्ने प्रयत्न गरेपछि बसुदेवको अनुनय बिनय प्रार्थना र जन्मेको बच्चा सबै बुझाउँछु भन्ने प्रतिज्ञाअनुसार देवकीको ज्यान बचेको थियो ।

बसुदेव दम्पतीबाट जन्मेको छ वटा बच्चासम्म निमिट्यान्न पारिसकेको अवस्थामा सातौं गर्भमा शेषलाई पठाई योगबलद्वारा बसुदेवकी अर्की पत्नी रोहिणीमा त्यो गर्भ सारेर गोकुलमा बस्ने नन्दपत्नी यशोदाका गर्भमा योगमायालाई जन्म लिने प्रेरणा भएको र सबै परिवेश मिलाई देवकीमा आठौं गर्भमा भने आफू रहने अनि सम्पूर्ण देवताहरुलाई गोपको रूपमा र देवीहरुलाई गोपीका रूपमा धर्तीमा अवतरित गराउने र स्वयम् महालक्ष्मी भने रुक्मिणीका रूपमा धर्ती अवतरण हुने प्रसङ्ग पनि मिलाइसकिएको थियो । देवकीको सातौं गर्भश्राव भएको हल्ला हुँदा कंशलाई गुप्त कुरा थाहा भएन । आठौं गर्भधारणा भएको खबरपछि कडा पहरा दिई कारागारमा सात ताल्चाबन्दी गर्दा सम्पूर्ण लोकालोकमा रहेका देवताहरुले संसारका नायक, अधिपतिले लोक रक्षाका लागि प्रदुषणयुक्त आमाको गर्भमा बास गर्नु परेकोमा अनेकौं स्तुति, पुकार, बन्दना गर्न लागे, भागवत महापुराणमा यसलाई गर्भस्तुति भनिन्छ ।

> *मोह रात्रिका नामले वर्षभरिकै उत्कृष्टरूपमा चिनिएको भाद्रकृष्ण अष्टमीको दिनलाई श्रीकृष्ण जन्माष्टमीको रूपमा मान्ने चलन प्राचीन समयदेखि चल्दै आएको हो । सोह्र कलाले पूर्ण, चन्द्रवंशमा पूर्ण अवतारको रूपमा श्रीकृष्ण मानवरूपमा मथुरामा बसुदेव देवकीका आठौं गर्भबाट धर्तीमा अवतरित हुनुभएको थियो । उहाँलाई मुख्य दश अवतारमध्ये आठौं अवतारको रूपमा लिइन्छ ।*

प्रकृति शान्त, उत्तम, ग्रह, नक्षत्र तारागण सबै अनुकुल, पृथ्वी, अप, तेज, वायु र आकाश नै पूरै स्वच्छ भएका बखत दिव्यतेजसहित भाद्रकृष्णका रात्रिमा कंशका कालकोठरीमा प्रस्रव पीडा बिना नै देवकीका गर्भबाट प्रकट भएका भगवानको स्वरूप अद्भूत थियो । शङ्ख, चक्र, गदा, पद्म, कीरिट, कुण्डल, मुकुट, मयुरपंखी शिर, पीताम्वरधारी, श्रीवत्स चिह्नको वक्षस्थल, घाँटीमा कौस्तुभमणि र कमल नेत्र परमेश्वरको दिव्य दर्शन पाएका बसुदेव र आमा देवकी दुवै मोहित भइहाले ! अघि तपाईंहरुले कठिन तप गर्दा तीन जन्मसम्म तपाईंहरुको पुत्ररूपमा प्रस्तुत हुने बचन पूरा गर्न अहिले आफू पुत्ररूपमा आएको स्मरण गराउँदै कंशबाट भयभीत नहुन र तुरुन्तै टोकरीमा राखी यमुना पारी गोकुलमा लगी त्यहाँ नन्द यशोदाबाट भर्खरै जन्मिएकी पुत्री यस कारागारमा लिई आउन र त्यति कार्य पूर्ण हुन्जेल कारागार सबै खुल्ने, कसैले अत्तो, पत्तो नपाउने र यी सबै कुरा गोप्य राख्नुपर्ने संकेत गरी भगवान् तत्कालै बालभावमा प्रस्तुत हुनुभयो ।

साँच्चै योगमायाद्वारा तयार भएको टोकरीमा बालकलाई राखी बसुदेव कारागार बाहिर निस्कदा सबै ढोका खुलेका, सिपाहीहरु मस्त निद्रामा परेका, हतकडी आफैं खुलेका, वरुणदेवले वर्षा गराएका, शेषले छहारी दिएका, यमुनाले भगवानको पाइला स्पर्श गर्न क्षणिक उर्लिएर शान्त भएकी, गोकुल पूरै मस्त निद्रामा परेको, यशोदाबाट छोरी जन्मदा उनलाई पत्तै नभएको, बसुदेवले आफूले लगेको बालकलाई त्यहाँ राखी बालिकालाई टोकरीमा बोकेर कारागार फर्कुन्जेल कारागार खुल्लै रहेको र सबै निद्रामा परेका कुरा मार्मिक ढंगबाट शास्त्रहरुमा वर्णित छ । बसुदेव कारागारभित्र पस्ना साथ सबै ढोका, हत्कडी पहिलेकै अवस्थामा भएका र बालिकाको रोदन सुनेपछि हस्याङ्ग फस्याङ्ग सबै जुमुराउँदै उठेर बालक जन्मेको खबर कंशसम्म पुगिहाल्यो । कंशका डरमा परेका बसुदेवले बालिकालाई कंश सामु पुऱ्याउँदा "छोरी नै भए पनि मार्छु" भनी हातले घुमाएर बालिकालाई ढुंगामा पछार्न खोज्दा हातबाट छुटेकी योगमायाले आकाशमार्गबाट "मलाई मार्न खोज्ने कंश तेरो काल गोकुलमा जन्मेको छ" भन्ने सुन्दा गोकुलभरिका बालबालिका सबै बध गर्न मायाभी पुतना पठाउँदा यशोदा पुत्र श्रीकृष्णबाट उल्टै पुतना बध भइसकेकी थिई । अघि नै देवकीका गर्भबाट प्रत्यारोपण गरिएका सातौं गर्भ शेष रोहिणीपुत्रका रूपमा बलरामको जन्म भइसकेको र गोकुलमा बृद्ध नन्दबाबाबाट अत्यन्त सुन्दर बालक जन्मिएको र रोहिणीबाट उस्तै राम्रो बालक जन्मिएको प्रसङ्गअनुसार गोकुलमा धूमधामसँग नन्द उत्सव मनाइएको र बसुदेवका कुल गुरु गर्ग र नन्द बाबाका कुल गुरु शांडिल्य दुवैको उपस्थितिमा गोकुलमा बलराम अनि कृष्णको नामकरण भएको सुन्दर प्रसङ्ग गर्गसंहिता एवम् श्रीमद् भागवतमा विशेष चर्चाको विषय बनेको छ ।

श्रीकृष्णको सन्देश भक्ति, कर्म र ज्ञान आज पनि हाम्रा लागि अपरिहार्य बनेको छ । जीवन क्षणिक छ, अहिले हाम्रो आयु सय वर्षको छ, तर पुग्न पाउँदैन । त्यो युगको आयु हजार वर्षको थियो, तथापि श्रीकृष्णको आयु भने जम्मा एक सय २५ वर्षको हो । अघि त्रेता युगमा बाली पुत्र अँगदले आफ्ना बाबु मार्ने रामसँग बदला लिने इर्ष्या राखेको थियो । उही अँगद जरा नामको व्याधा भएर आयो, ऋषिहरुको श्राप परेका यदुवंशको नाश भइसकेको थियो । समुन्द्रका तीरमा पाइएको मुसलको सानो धारले व्याधाले वाण बनाएको थियो । त्यही वाणले श्रीकृष्णमा प्रहार गऱ्यो । फलस्वरूप श्रीकृष्ण धर्तीबाट बिदा भए । भगवानले यसमा चिन्ता नगर्नु, यो मेरै योजना हो भनी सो व्याधालाई समेत सम्झाउनु भएको थियो । उहाँको सन्देश गीताको ज्ञान आज संसारभरि चर्चाको विषय मात्र होइन जीवन दर्शन नै बनेको छ ।

## सामाजिक सञ्जाल



**- डा. सुन्दरी पोखरेल**

भारतमा फैलँदो धार्मिक-जातीय उन्माद र अतिवाद चिन्ताजनक छ । यसको बाछिटा छिमेकी देशहरूमा पनि पर्न सक्छ । अतिवाद नेपालको पनि समस्या बन्दैछ । समाजको हरेक क्षेत्रमा अतिवाद बढ्दैछ । अतिवादको विवेकपूर्ण प्रतिरोध गर्न ढिला नगरौं ।



**- ओमकुमार थापा**

नेपाल सगरमाथा र गौतम बुद्धको मात्रै नभएर क्रिकेट खेल्ने बहादुर नेपालीहरूको देश हो भन्ने कुरा एसिया कपमा संसारकै एक नम्बर देश भारतसँग शानदार खेलेर आफ्नो क्षमता प्रदर्शन गरेका नेपाली खेलाडीहरूले संसारका सामु छर्लङ्ग पारेका छन् । बधाई छ, नेपाली खेलाडी र क्रिकेटप्रेमी सम्पूर्ण नेपाली जनमा ।



**- निर्मल प्रसाइँ**

पैसा जति संसद विकास कोष, संसदीय समिति सभापति, भन्दै नेताको घरमा जान्छ । बचेखुचेको पैसाले प्रदेशका मुख्यमन्त्री र प्रदेश प्रमुखलाई राजधानीमा भव्य आवास बनाइन्छ, रहलपहलबाट आफ्नो नाम खोपाउन भ्यूटावर ठड्याइन्छ । सडक, खानेपानी, स्कुल, अस्पताल, स्टेडियम, न योजनामा पर्छ न दिमागमा आउँछ ।




**- भीम अनुपम**

नागरिकता बनाउने उमेर कहिले होला र विदेशीने होला भनेर बसेका युवा जमातको हिसाब कसैसँग छ ? हुनतः नागरिक बेचेर आएको रेमिट्यान्स कसरी भ्रष्टाचार गर्न सकिन्छ र गोजीमा हाल्न सकिन्छ भन्ने दाउ हेरेर बसेका शासकहरुलाई के मतलब !

# राजनीतिमा भ्रमको खेती

टिप्पणी



● शम्भू कट्टेल

> *संविधानमा लुटतन्त्र जोगाउने थुप्रै 'लुपहोल' बनाइएको छ । संविधानलाई जसरी पनि व्याख्या गर्न मिल्ने बनाइएको छ । अस्पष्टतालाई प्रयोग गरेर नीतिगत मनपरीतन्त्र मौलाउँदो छ । यस्तो अवस्थामा क्रान्ति हुन्छ र जनताले परिवर्तन देख्न पाउँछन् भनेर सपना देखाउनु मिथ्या हो ।*

वर्तमान राजनीतिक व्यवस्था नै बेठिक हो कि यसका सञ्चालकहरुको गल्तीले बेठिक देखिएको हो ? व्यवस्था गलत हो कि यसका पात्रहरु गलत हुन् भन्ने बहस वामराजनीतिक वृत्तको सर्वाधिक बहसको विषय बनेको छ । राजनीतिक नेता विशेषको पहल र इमानदारिताले सरकारको कामको गुणमा अन्तर त आउँछ तर, फरक अर्थ-सामाजिक वर्गको सरकार बनाउने र फरक अर्थ-सामाजिक वर्गको हितमा त्यो अर्थ-राजनीतिक व्यवस्था चलाउने भन्ने कुरा एउटा राजनीतिक नेताले बिना सामूहिक घोषणा र पूर्वतयारी गर्न सक्ने कुरा हुँदैन । इतिहासमा थुप्रै राम्रा पात्रहरुले वा चमत्कारिक नेताहरुले सानो भूगोलमा/केही सुधार त ल्याए तर, अर्थ-राजनीतिक स्तरको परिवर्तन भने ल्याउन सकेनन् ।

भर्खरै घोषणा हुन लागेको एउटा वामपन्थी कार्यनीतिक मोर्चाले चर्कै मतभेदपछि एउटा अवधारणापत्र टुंग्याएको छ । त्यसको सुरुमै भनिएको छ, "नेपाली जनताको बलिदानीपूर्ण संघर्षकै बलमा आजको लोकतान्त्रिक गणतन्त्र स्थापना भएको हो । तथापि यो गणतन्त्र पनि पुँजीपति वर्गकै हितमा चल्ने शोषणमूलक बुर्जुवा व्यवस्था हो । यही व्यवस्थालाई पनि जनताको अधिकतम सेवामा प्रयोग गर्नुको सट्टा सत्ता सञ्चालन गर्ने विद्यमान राजनीतिक नेतृत्वले राजनीतिलाई संकीर्ण र सीमित स्वार्थका लागि दुरुपयोग गरिरहेको छ ।"

सरसर्ती हेर्दा, यो भनाइ सटिक लाग्छ तर, पूर्वमाओवादी नेतृत्वका र पुष्पलालको बिरासत बोकेका थुप्रै राजनीतिक नेताहरु संलग्न त्यो मोर्चाको स्तरसँग यो भनाइ मेल खाँदैन । यो लेखाइले तीन वटा महत्वपूर्ण विचार प्रवाह गरेको छ- यो व्यवस्था लोकतान्त्रिक हो, यो पुँजीपति वर्गको वा बुर्जुवा वर्गको व्यवस्था हो ।

देशका सत्ताधारी वर्ग पुँजीवादी नभएर दलाल भए र यो व्यवस्थाका पात्रहरु मात्रै हैन व्यवस्था स्वयम् नै ठीक भएन भन्ने बहस चलिरहेकोमा त्यसका विपरित यस्तो लेखाई आउनुले यसको नेतृत्वमा पुरानो सोंचसँगको सम्झौता परस्तता मात्र होइन, यो मोर्चा यही व्यवस्थाभित्रका समसामयिक विकृति र विसंगतिहरुमाथि लिपपोत गर्ने खालको देखिन्छ । यो व्यवस्थाको नामकरण गर्दा सरकारी संसदमा मात्रै हैन माओवादीभित्र पनि निकै लामो बहस चलेको थियो । जनगणतन्त्रमा जाने कि पुरानो गणतन्त्रमा जाने भन्नेमा त मतदान नै भएको थियो । गणतन्त्र मात्रै भने के हुन्थ्यो, किन लोकतान्त्रिक नै भन्न पऱ्यो ? भन्नेमाथि पनि बहस भएको थियो ।

समस्या दृष्टिकोणमा छ । पहिले उनीहरुले नै 'लोकतन्त्र'लाई आन्दोलनको ठूलो उपलब्धि भने । चर्को आलोचना भएपछि त्यो शब्दावली हटाए । विरोध हुँदाहुँदै पनि लोकतन्त्र शब्द भने हटाउन सकेनन् । सर्वत्र स्वेच्छाचारिता छ भन्ने देख्दा देख्दै, 'पहिलो हुनेले जित्ने' भन्ने प्रावधानअन्तर्गत ५१ प्रतिशत भोट नल्याउनेलाई पनि जितेको घोषणा गरी अल्पतन्त्रको व्यवस्था लागु गरे । यो वृत्तभित्र दृष्टिकोणको अर्को समस्या छ, गणतन्त्र सधैं र सबै ठाउँमा पुँजीवाद आएपछि मात्रै सम्भव हुन्छ । राजतन्त्र गएसँगै सामन्तवाद पनि जान्छ, समाजको विकास मार्क्सले युरोपको सन्दर्भमा देखाएको सामन्तवादपछि पुँजीवाद र त्यसपछि समाजवाद आउने क्रममा नै हुन्छ । यिनै भ्रमहरुको कारण उनीहरु नेपालको वर्तमान राजनीतिक संरचनालाई लोकतन्त्र र पुँजीवादी देख्नछन् । देशमा जनवादी क्रान्ति अधुरो छ भन्नेतर्फ उनीहरुको ध्यान छैन ।

लोकतन्त्र आइसकेको हो भने वा पुँजीवाद आइसकेको हो भने जनवादी क्रान्ति अधुरो छ किन भन्न पऱ्यो ? जनवादी क्रान्ति अधुरो छैन भने जनवादी प्रकृतिका नारा किन लगाउनु पऱ्यो ? सिधै मजदूरको व्यवस्था र उत्पादनका साधनहरुको सामाजिकीरण भने भैहाल्यो ।

संविधान बाधक नहुँदा पनि, काम गर्ने वातावरण पाउँदा पनि, कर्मचारीतन्त्र सहयोगी हुँदा पनि जनताको पक्षमा काम नहुनु नेतृत्व भ्रष्ट भएको हो । यो व्यवस्थाको नेतृत्वकर्ता नेताहरु यसअघिका भन्दा बढी भ्रष्ट देखिन्छन् । संविधानमा लुटतन्त्र जोगाउने थुप्रै 'लुपहोल' बनाइएको छ । संविधानलाई जसरी पनि व्याख्या गर्न मिल्ने बनाइएको छ । अस्पष्टतालाई प्रयोग गरेर नीतिगत मनपरीतन्त्र मौलाउँदो छ । यस्तो अवस्थामा क्रान्ति हुन्छ र जनताले परिवर्तन देख्न पाउँछन् भनेर सपना देखाउनु त्यो मिथ्या हो । जनताले पनि यो विषय बुझ्न अनिवार्य छ ।

## तपाईंको राशिफल

- मेष : स्वास्थ्य राम्रो रहनेछ । अचल सम्पत्तिमा वृद्धिको योग छ ।
- वृष : आजको दिन धेरै शुभ छ । स्वास्थ्य राम्रो रहनेछ ।
- मिथुन : मनोरञ्जनमा वृद्धि हुनेछ । सन्तुलित भोजन गर्नु राम्रो हुन्छ ।
- कर्कट : सामाजिक जीवन सुखी रहनेछ । अनावश्यक कार्यमा ध्यान लगाउन हुँदैन ।
- सिंह : अनावश्यक जिम्मेवारी लिनु हुँदैन । अर्काको कारण विवादको योग छ ।
- कन्या : पैतृक सम्पत्ति प्राप्त हुनेछ । राजकीय कार्यमा वृद्धि हुनेछ ।
- तुला : सामाजिक सहयोग बढ्नेछ । सम्मानमा वृद्धि हुनेछ ।
- वृश्चिक : साथीभाईबीच सम्बन्ध राम्रो भइरहनेछ । मनोबल उच्च रहनेछ ।
- धनु : सबै कार्यमा सावधानी र धैर्य राख्नुपर्छ । सफलताको योग छ ।
- मकर : हतारमा कुनै निर्णय नलिनु होला । स्वास्थ्य सामान्य रहनेछ ।
- कुम्भ : व्यापारिक कार्यमा लाभ मिल्नेछ । आहारमा भने ध्यान दिनुहोला ।
- मीन : नयाँ कार्य बन्ने योग छ । सम्बन्धहरुमा दुरी बढ्नेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

मध्यान्ह दैनिकका लागि लेख, विचार र टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । - सं.

# बाजुरामा सडक अवरुद्ध हुँदा स्याउले पाएन बजार



धनकृष्ण विश्वकर्मा/मध्यान्ह
बाजुरा, १९ भदौ

बाजुराको बुढीनन्दा नगरपालिका वडा नं ९ पाण्डुसैनस्थित साहारा कृषि फर्ममा उत्पादन भएका स्याउ बजार नपाउँदा बारीमै कुहिने भएका छन्। अविरल वर्षाका कारण बाजुराको विभिन्न स्थानमा बाढी पहिरो गएर सडक अवरुद्ध हुँदा उत्पादित स्याउ बजारीकरणमा समस्या भएको हो।

बाजुरामा वर्षेनी सरकारले करौडौं बजेट सडक निर्माणमा खर्च गर्दा पनी बाह्रै महिना सडक सञ्चालनमा नआउँदा बारीका स्याउले बजार नपाउने र बारीमै स्याउ कुहिने अवस्था आएको किसानहरु बताउँछन्।

नेकपा एकीकृत समाजवादी पार्टी बाजुराका अध्यक्ष पुर बहादुर रावतले किसानले दुःख गरेर उत्पादन गरेको स्याउले बजार नपाउँदा किसानहरु मारमा परेको बताए। सरकारले बजारीकरणको उचित व्यवस्थापन नगर्दा स्वदेशमै स्वरोगार बनेर आत्मनिर्भर बन्ने कयौं युवाहरुको सपना अधुरै रहने गरेको उनको भनाइ छ।

उनले सरकारले कृषिलाई प्राथमिकतामा राखेर उचित बजारीकरणको व्यवस्थापन गरे किसानहरुलाई उत्पादन वृद्धि गर्न हौसला मिल्ने बताए। बाजुराका किसनका समस्या सरकारले समयमै मध्यनजर गरी समाधान गर्न जरूरी देखिएको उनको भनाइ थियो।

# साइबर अपराध तथा दुर्घटना न्यूनीकरणका लागि सचेतनामूलक कार्यक्रम



राजेन्द्र महतो/मध्यान्ह
सिरहा, १९ भदौ

सिराहामा प्रहरीले साइबर अपराधविरुद्ध तथा सवारी दुर्घटना न्यूनीकरणसम्बन्धी सचेतनामूलक कार्यक्रम गरेको छ। जिल्लाको धनगढीमाई नगरपालिकामा प्रहरीले साइबर अपराधविरुद्ध जनचेतनामूलक कार्यक्रम सम्पन्न गरेको छ।

समुदाय-प्रहरी साझेदारी कार्यक्रमको अवधारणाअनुरुप इलाका प्रहरी कार्यालय धनगढी सिरहाले धनगढीमाई नगरपालिका वडा नं. १० स्थित धनगढी चोकमा सोमबार जनचेतनामूलक कार्यक्रम सम्पन्न गरेको हो। वडा सदस्य संगीता साहको अध्यक्षता भएको कार्यक्रममा इलाका प्रहरी कार्यालय धनगढी सिरहाका प्रहरी सहायक निरीक्षक भोली यादव, प्रहरी कर्मचारी तथा स्थानीयहरुको उपस्थिति रहेको थियो।

त्यस्तै समुदाय-प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत भगवानपुर गाउँपालिका वडा नं.१ भगवानपुरस्थित अस्थायी प्रहरी पोष्ट भगवानपुरले सवारी दुर्घटना न्यूनीकरणसम्बन्धी सचेतनामूलक कार्यक्रम गरेको छ। कार्यक्रममा अस्थायी प्रहरी पोष्ट भगवानपुर सिरहाका प्रहरी सहायक निरीक्षक मुना साह, प्रहरी कर्मचारी, स्थानीय तथा सवारी चालकहरुको उपस्थिति रहेको थियो।

# त्रिभुवन विमानस्थलमा थपिए पाँच सय ट्रली



**काठमाडौं/मस-** त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय आगमनतर्फ पाँच सय ट्रली थप गरिएको छ। त्रिभुवन विमानस्थल कार्यालयले अन्तर्राष्ट्रिय यात्रुको सहजताका लागि पाँच सय नयाँ ब्यागेज ट्रली थप गरेको हो।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक प्रतापबाबु तिवारीले थप गरिएको नयाँ ब्यागेज ट्रलीले विगतमा यात्रुहरुले ट्रलीका बारेमा गर्ने गरेको गुनासोको सम्बोधन हुने विश्वास लिएका छन्। महाप्रबन्धक तिवारीले भने, 'विमानस्थल कार्यालयले अन्तर्राष्ट्रिय आगमनतर्फ हाल खरिद गरिएका नयाँ ब्यागेज ट्रली सञ्चालनमा ल्याएको छ। यसको सञ्चालन सँगै विगतमा यात्रुहरुले ट्रलीका बारेमा गर्ने गरेको गुनासोको सम्बोधन हुनेछ।'


## कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८०/०५/२०**

**प्रेष्टिज एच.आर. सोलुशन प्रा.लि. (Prestige H.R. Solution Pvt. Ltd.)** को मिति २०८०/०४/०२ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **इ.यु. ब्राइट फ्यूचर प्रा.लि. (E.U. Bright Future Pvt. Ltd.) (प्रा.लि. नं.: १६४९९८)** साथै साविक ठेगाना परिवर्तन गरी **काठमाडौं महानगरपालिका-४, काठमाडौं** कायम गर्ने गरी मिति २०८०/०५/१७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७३/०२/२८ मा दर्ता भएको **प्रा.लि. नं. १५०६५९** को **मायातारा ट्रेक्स एण्ड एक्सपिडीसन प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०५/१९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



## साउदीमा रोजगार | कम्पनी: AL BAYAN HIGHER CONTRACTING EST KSA
शहर: RIYADH

पुर्व स्वीकृत मितिः २०८०/०५/१९ चलानी नं.:६०२०७२१८ LT. No.: 292037

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 5 | 0 | स. काममा दक्ष | 1000 | ३५,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

## मलेसियामा रोजगार | कम्पनी: SULAIMAN SHARIFF SERVICES SDN BHD.
शहर: Malaysia

पुर्व स्वीकृत मितिः २०७९/१०/१० चलानी नं.: ६०१९५६०० LT. No.: 279959 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 12 | 0 | स. काममा दक्ष | 1500 | ४२,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० भदौ २७ गते (13 September 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**C.D. Human Resources Pvt. Ltd.**
Gov. Lic. No. 1048/073/74
Kalimati Dol (Near Airport), Kathmandu, Tel.: 01-4486262 | Fax: 4486263,
| Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np
Mobile :984238673, 9801081253, 9801081255, 9801081252, 9851094766, 9801081247, 9823187308, 9827934073



## साउदीमा वैदेशिक रोजगारको अवसर

१. कम्पनी : IBTIKAR CHILD BARBERSHOP शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०८०/०५/१९ चलानी नं.: ६०२०७२४९ LT. No.:292114

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barber | 1 | 0 | स. काममा दक्ष | 1200 | ४२,२६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : AL REHAB MODERN FACTORY FOR PERFUMES शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०८०/०५/१९ चलानी नं.: ६०२०७२४७ LT. No.: 292065

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Worker | 4 | 0 | स. काममा दक्ष | 1000 | ३५,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी : SUGAR CLOUDS TRADING CORPORATION शहर : UMLUJ
पूर्व स्वीकृत मितिः २०८०/०५/१९ चलानी नं.: ६०२०७२४८ LT. No.:292066

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | My Coffee | 1 | 0 | स. काममा दक्ष | 1700 | ५९,८७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० भदौ २७ गते (13 September 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**Al Taaz International Pvt. Ltd.**
Gov. Lic. No. 1251/074/075
G.P.O Box No: 179, Basundhara, Kathmandu, Tel : 5905101, 5905102,
Mob.: 9801147203, 9801147204, 9801147206, 9801147207, 9801147208, 9823402131
Fax No: 4350995, E-mail: altaaznepal@gmail.com, Web.: www.altaazintl.com.np



## CYPRUS मा वैदेशिक रोजगारको अवसर

कम्पनी: DE LAVORO AGENCY LTD शहर: Cyprus,Limassol
पूर्व स्वीकृत मितिः २०७९/०८/०९ चलानी नं.: ६०१९२०६१ LT. No.: 276543 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 18 | स. काममा दक्ष | 314 | ४४,८१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०८० भदौ २७ गते (13 September 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ५०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**Alliance Human Resources Pvt. Ltd.**
Govt. Licence: 690/063/064
P.O.Box : 13612, Sinamangal-9, Kathmandu, Nepal | Tel: 01-4578850, 4591791, 4562344
Fax: 01-4462344, Email:- cv@alliancenepal.com | www.alliancenepal.com



## मलेसियामा रोजगार | कम्पनी : MENARA SECURIY SDN BHD (946639-U)
शहर: SELANGOR

पूर्व स्वीकृत मितिः २०७९/०८/११ चलानी नं.: ६०१९२१९० LT. No.:276562 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 1500 | ४२,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० भदौ २८ र २९ गते (14 & 15 September 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला।

**Apollo Manpower Services Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: २२/०४८/०४९
Pinglasthan-9, Gausala, Kathmandu, Tel: 5901748 Fax: 4490042
E-mail : amps@mos.com.np, info@apollomanpower.com
apollomanpower2017@gmail.com, Web : apollomanpower.com



## साउदीमा रोजगारको अवसर | कम्पनी: SAUDI AGGREKO EQUIPMENT RENTAL COMPANY
शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०८०/०५/१९ चलानी नं.: ६०२०७२६६ L.T. No.:291399

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: OFFICE OF PROFESSIONAL HORIZONS FOR SAFETY ENGINEERING शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०८०/०५/१९ चलानी नं.: ६०२०७२६४ L.T. No.:292083

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Upload And Download Agent | 6 | 0 | स. काममा दक्ष | 1200 | ४२,२६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: PREMIUM ELECTRONICS TRADING EST. शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०८०/०५/१९ चलानी नं.: ६०२०७२६५ L.T. No.:292084

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Upload and download operator | 1 | 0 | स. काममा दक्ष | 1200 | ४२,२६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ २७ गते (13 September 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**ब्रिज स्काई ईन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ५७३/०६२/०६३
PO Box : 24789, Dhapasi, Near Shahanshah Hotel, Kathmandu, Nepal.
नेपाल फोन नं. ४९५३३२१, ४९५४९७१ ४९५६३६१, फ्याक्सः ४४६५३९५
Email : admin@bridgeskyint.com.np Website: www.bridgeskyint.com.np



## मलेसियामा रोजगार | कम्पनी: AIKHA HARDWARE SDN.BHD.
शहर : Johor

पूर्व स्वीकृत मितिः २०८०/०५/१९ चलानी नं.: ६०२०७२२८ L.T. No.: 292062

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी: AFA TECHNOLOGIES SDN BHD शहर : MALAYSIA
पूर्व स्वीकृत मितिः २०८०/०५/१९ चलानी नं.: ६०२०७२३० L.T. No.:292063

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ २७ गते (13 September 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**बज्र ह्युमेन रिसोर्सेज प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ५१७/०६२/०६३
जि.पि.ओ.बक्सः २३९०१, धोबीघाट, नयाँबाटो, ललितपुर, नेपाल, फोनः ५५५५८२३,
Email: info@bajrahrs.com, bajra_1@yahoo.com, bajrah@gmail.com | url: www.bajrahrs.com



## बहराइनमा रोजगारको अवसर | कम्पनी: SECURE SERVICES LIMITED W.L.L
शहर : Baharain

पूर्व स्वीकृत मितिः २०८०/०५/१९ चलानी नं.: ६०२०७२६२ LT. No.: 292093

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 90 | 10 | स. काममा दक्ष | 120 | ४२,०४९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० भदौ २७ गते (13 September 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**EMINENCE**
Recruitment International Pvt Ltd
Gov. Lic No.: 1569/079/080
Bhimsengola-31, Prayagmarg, Kathmandu
Tel: 01-4110036, 4110040, 9851164164, 9849964370
9803193977,9813517109, 9742546470.
Email: info@eminencenepal.com
Web: ww.eminencenepal.com



## कतारमा रोजगार | कम्पनी: P THREE FACILITY MANAGEMENT SERVICES
शहर: DOHA

पूर्व स्वीकृत मितिः २०८०/०५/१९ चलानी नं.: ६०२०७२८२ LT. No.:292133

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Clean Worker | 9 | 0 | स. काममा दक्ष | 1000 | ३६,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने मिति र स्थान
अन्तार्वार्ता मेनपावर कार्यालयमा मिति २०८० भदौ २७ गते (13 September 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**AAROHI HR Solutions Pvt. Ltd.**
Govt. Lic. No. 1244/074/075
URS is a member of registrar of standards (holdings) Ltd.
ISO 9001:2015 Certified
**आरोही एच.आर. सोलुसन्स् प्रा.लि.**
Kathmandu Metropolitan- 3, Basundhara Kathmandu Nepal
www.aarohihrsolutions.com info@aarohihrsolutions.com
01- 4961807, 4962925 9802067941, 9801081902, 9801081905.



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: SIX THIRTY COFFEE SHOP TO SERVE DRINKS शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०८०/०५/१९ चलानी नं.: ६०२०७२३१ LT. No.:292035

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
